# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभागको

## पूर्वाधार विकास निर्माणका आयोजनाहरुले विदेशबाट अल्पकालीन सापटी ल्याउन पाउने व्यवस्था सम्बन्धी सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०ख. ले दिएको अधिकार प्रयोग गरी नेपालमा सञ्चालन भइरहेका पूर्वाधार विकास निर्माणका आयोजनाहरुले आयोजना निर्माणका क्रममा चालु खर्चलाई धान्न अल्पकालीन सुविधा (Short Term Advances) आवश्यक परेमा देहायका शर्तका अधिनमा रही विदेशबाट सापटी ल्याउन पाउने व्यवस्था गरिएको छ।

**शर्तहरु**

(क) यस्तो सापटी परियोजना निर्माण गर्न चालु खर्च धान्ने प्रयोजनको लागि मात्र प्राप्त गरेको हुनु पर्नेछ।

(ख) यस्तो सापटी सामान्यतया १ वर्ष भन्दा कम अवधिको हुनुपर्नेछ।

(ग) यस प्रकारको सापटी निर्व्याजी प्राप्त गरेको हुनुपर्नेछ।

(घ) परियोजनाको मुख्य कम्पनी (Parent Company) मार्फत मात्र यस्तो सापटी लिन पाइनेछ।

(ङ) सापटी रकम बैंकिङ प्रणाली मार्फत प्राप्त गरेको हुनुपर्नेछ।

(च) रकम भित्र्याएको १५ दिनभित्र सापटी दिने र लिनेबीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि, Swift Message र बैंक स्टेटमेण्ट सहित यस विभागमा सापटी रकमको अभिलेख गराउनु पर्नेछ।

(छ) रकम ल्याउँदा र फिर्ता पठाउँदा सम्बन्धित परियोजनाको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

(झ) यस्तो रकम फिर्ता लैजानु पर्दा जुन संस्था र मुलुकबाट रकम प्राप्त भएको हो सोही संस्था र मुलुकमा फिर्ता हुने गरी यस बैंकले अभिलेख गरेको कागजातको सक्कलपत्र लिई ती कागजातका आधारमा बैंक तथा वित्तीय संस्थाले फिर्ता पठाउन सटही दिन सक्नेछन्।

मिति : २०७५।३।३२

**(भिष्मराज ढुंगाना)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**
**नेपाल राष्ट्र बैंक**